विश्वका सर्वहारा र उत्पीडित राष्ट्रहरु एक होऔं ।
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)
केन्द्रीय कमिटी
Workers and oppressed nations of the world unite!
COMMUNIST PARTY OF NEPAL (MARXIST-LENINIST)
Central Committee

च.नं./Ref. No.: ...............

# प्रेस विज्ञप्ति

नेकपा (माओवादी केन्द्र) को सरकार छोड्ने निर्णयले उत्पन्न गरेको परिस्थितिबारे छलफल गर्न पार्टी केन्द्रीय कार्यालय रातोपुल, काठमाडौंमा आज बसेको नेकपा (माले) को स्थायी कमिटीको बैठकले छलफल पश्चात् निम्नलिखित निष्कर्षलाई यस प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गर्दछ ।

१) २०७२ असोज ३ गते जारी नेपालको संविधानलाई आफ्नो गठन कालदेखि नै कार्यान्वयन गर्दै अस्थिरतालाई अन्त्य गर्न तथा मुलुकको स्वाधिनता एवम् राष्ट्रियताको पक्षमा अडान लिदै, स्वावलम्बन र आत्मनिर्भरता तर्फ मुलुकलाई अघि बढाउन प्रतिबद्ध केपी शर्मा ओली नेतृत्वको प्रगतिशील तथा राष्ट्रवादी सरकारबाट माओवादी केन्द्र बाहिरिनु दुभाग्यपूर्ण रहेको छ ।

२) वर्तमान अस्थिरता निम्तिनुमा मुलुकलाई सदैव अस्थिरतामा फँसाई राख्न चाहने वाह्य शक्तिद्वारा निर्मित योजनाको एउटा कडीको रुपमा रहेको दुईपत्रे कार्यशैली अबलम्बन गर्ने माओवादी केन्द्रको शिर्ष नेतृत्वको चरम सत्तालोलुपता नै मुख्य कारकका रुपमा देखीएको छ ।

३) सरकारबाट माओवादी केन्द्रको बहिर्गमन पछि वर्तमान सरकारलाई अल्पमतमा पार्यौं भनेर उनीहरुले जुन दावी गरेका छन्, त्यसलाई व्यवस्थापिका संसदको आवश्यक प्रकृयाद्वारा उनीहरुले सिद्ध गर्नु पर्दछ । सरकारले त्यस सम्बधी गृहकार्य थाल्नुनै उपयुक्त हुन्छ, भन्ने बैठकको निष्कर्ष रहेको छ ।

मिति : २०७३ आषाढ २९ गते

सी.पी. मैनाली
महासचिव

केन्द्रीय कार्यालयः
रातोपुल, काठमाण्डौं, नेपाल
फोन : +९७७-१-४४६९०३३

E-mail: cpnml.cc@gmail.com
Website: www.cpnml.org
Post Box: 13613, Kathmandu, Nepal

Central Office:
Ratopul, Kathmandu, Nepal
Tel: +977-1-4469033, Fax: 4469035